नेपाल सरकार

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

# विद्युत विकास विभाग

(अनुमतिपत्र महाशाखा)

फोन नं.: ४५३४११९, ४५११५३७, ४५१९५०१, ४५३९३६२
फ्याकस: ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानोगौचरण, काठमाडौं, नेपाल

पत्र संख्या:- २०८१/०८२(अनुमतिपत्र)
चलनी नं.:- 2923

मिति: २०८२/२/१४

नेपाल सरकार ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय विद्युत विकास विभाग २०५०

विषय : दुधकोशी - ६ ज.वि.आ.(१७१ मे.वा.)को विद्युत उत्पादनको अनुमतिपत्रको दरखास्त बारे ।

श्री सगरमाथा हाइड्रोपावर प्रा.लि.
काठमाण्डौं महानगरपालिका २८,
पहिलो-दोश्रो तल्ला, हेरिटेज प्लाजा, कमलादी, काठमाण्डौ
फोन नं. : ०१-४४२६७२६, ४४३८३८८, सम्पर्क मोवाइल नं. : ९८५१०९९०५१
इमेल: srabindralal@gmail.com

प्रस्तुत विषयमा त्यस प्रा.लि.ले दुधकोशी- ६ जलविद्युत आयोजना (१७१ मेगावाट)को विद्युत उत्पादनको अनुमतिपत्रको माग गरी पेश गरेको दरखास्त माथि कारवाही हुंदा तपशिल बमोजिमका कागजात विवरणहरू नपुग देखिएकाले सो विवरणहरू ७ दिनको अवधिभित्र पेश गर्नुहुन विभागको मिति २०८२/२/१२ को निर्णयानुसार जानकारी गराईन्छ ।

<u>तपशिल (पेश गर्नुपर्ने थप कागजात विवरण तथा स्पष्टिकरण) :</u>

१. पेश भएको नेटवर्थ विवरण अन्तर्गत लगानी गर्ने सम्झौता भएको संस्थाको नेटवर्थ सर्टिफिकेट र (नेटवर्थ) पुष्टि हुने आधार प्रमाण (अडिट रिपोर्ट लगायतका कागजात), सगरमाथा हाइड्रोपावर प्रा.लि.को नेटवर्थ विवरणमा उल्लेख भएको अंक पुष्टि गर्ने हुने आधार प्रमाण (अडिट रिपोर्ट), पछिल्लो आ.व.को कर चुक्ता प्रमाणपत्र |
२. प्राप्त उजुरीका सम्बन्धमा उजुरीकर्ता निवेदकसंग सम्पर्क, समन्वयका लागी के-कस्ता प्रयास भए सो सम्बन्धमा स्पष्टिकरण |
३. विद्युत खरिद बिक्री सम्बन्धी सम्झौता (PPA) वा बहाल रहेको विद्युत जडान सम्झौता (कनेक्शन एग्रिमेन्ट) |

(दुर्गानारायण भुसाल)
ईन्जिनियर

बोधार्थ:
श्रीमान् महानिर्देशक ज्यू, विद्युत विकास विभाग ।

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
अनुमतिपत्र महाशाखा

फोन नं.: ४५३४११९
४५११५३७
४५१९५०१
४५३८३६२
फयाक्स: ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानोगौचरण, काठमाडौं, नेपाल

**पत्र संख्या** :- (अनुमतिपत्र) ०८१/८२
**चलानी नं.**:- २१२५

मिति: २०८२/०२/१४

विषय: रिडी सबस्टेसन-सर्देवा (सि.जि. सिमेन्ट उद्योग पाल्पा) ३३ के.भी. विद्युत प्रसारण लाइन आयोजनाको विद्युत प्रसारणको सर्वेक्षण अनुमतिपत्र स्वतः रद्द भएको जानकारी बारे।

श्री सि.जि. सिमेन्ट इण्डष्ट्रिज पाल्पा प्रा.लि.,
चौधरी हाउस, सानेपा-२, ललितपुर।
सम्पर्क नं. ०१-५५२५०३९, ५५२५०४१, ९८४३८६४९३८ (तिलक गिरी)
ईमेल: cgcement@chaudharygroup.com

उपर्युक्त विषयमा तँहाको नाममा जारी भएको रिडी सबस्टेसन-सर्देवा (सि.जि. सिमेन्ट उद्योग पाल्पा) ३३ के.भी. विद्युत प्रसारण लाईन आयोजनाको विद्युत प्रसारणको सर्वेक्षण अनुमतिपत्र **(अनुमतिपत्र संख्याः वि.वि.वि. ०७७/७८, वि.प्र.स. ४८९)** मिति २०७७/११/०३ मा जारी भइ मिति २०७९/११/०२ सम्म बहाल रहेकोमा बहाल अवधिभित्र नवीकरणको लागि रितपुर्वक दरखास्त पेश भएको नदेखिएको साथै प्रसारण लाइन निर्माण अनुमतिपत्रको लागि समेत दरखास्त पेश भएको नदेखिएकाले विद्युत ऐन, २०४९ को दफा ५ को उपदफा (४) बमोजिम उक्त अनुमतिपत्र **(अनुमतिपत्र संख्याः वि.वि.वि. ०७७/७८, वि.प्र.स. ४८९)** विभागको मिति २०८२/०२/१२ को (महानिर्देशकस्तर) निर्णयानुसार स्वतः रद्द भएको जानकारी गराइन्छ।

(महेन्द्र साह सोनार)
इन्जिनियर

बोधार्थ:

श्री ऊर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय, सिंहदरबार, काठमाडौं।

श्री विद्युत विकास विभाग, काठमाडौं:

- श्रीमान् महानिर्देशकज्यू।
- श्री योजना, वातावरण तथा आयोजना विकास सम्झौता महाशाखा।

श्री आयोजना अनुगमन, सुविधा सिफारिस तथा विद्युत प्रणाली व्यवस्थापन महाशाखा।